# आर्थिक वर्ष २०८०/८१ को

# बजेट वक्तव्य तथा कार्यक्रम

२०८० असार १० गते

**माडी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

माडी गाउँसाभाको १३ औं अधिवेशनको दोस्रो बैठकमा उपस्थित

सभाध्यक्ष ज्यू

सभाका सदस्यज्यूहरु,

सचिवालयका कर्मचारी मित्रहरु,

पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु,

सम्पूर्णमा नमस्कार,

स्थानीय तहको निर्वाचनमा माडी गाउँवासीहरुले अमूल्य मत दिई निर्वाचित गराउनुभएकोमा सम्पूर्ण आदरणीय मतदाता एवं माडीवासीहरुमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण, नागरिक अधिकार प्राप्तीका लागि भएका आन्दोलन र पटक पटकको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नेपालको विभिन्न क्षेत्रमा परिपर्तनको लागि नेतृत्वदायी भूमिका खेल्ने आम नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

जनप्रतिनिधिको हैसियतले सम्मानीत गाउँ सभा समक्ष आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।आ.व २०८०/८१ को बजेट प्रस्तुत गरिरहँदा गाउँपालिकाले तयार गरेको आवधिक योजनाले निर्दिष्ट गरेका विषयवस्तुहरुलाइ सार्थक बनाउने उद्देश्यले दीगो पुर्वाधार निर्माण गर्ने, शैक्षिक गुणस्तर कायम गर्ने, खानेपानीको सहज पहुँच पुर्याउने, फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, कृषि तथा पशुपालन व्यवसायलाई स्वरोजगार बनाउँदै उद्यमशिलता तर्फ नागरिकलाई आवद्ध गराई आर्थिक अवस्थामा सुधार ल्याउने र जनताको जीवन स्तरमा सकारात्मक परिवर्तन ल्याउने जस्ता कार्यक्रमलाई समावेश गरी वजेट तर्जुमा गरेको छु ।

बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान, संघीय सरकार प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, माडी गाउँपालिकाको आर्थिक र विनियोजन विधेयक २०८० का सिद्धान्त र प्राथमिकता, पालिकाद्वारा निर्मित ऐन, नियम, कानून, कार्यविधि, मापदण्ड, नर्देशन, गाउँसभा र कार्यपालिकाका निर्णयहरु, गाउँपालिकाको स्वमूल्यांकनका आधार, दीगो विकास लक्ष्य, स्थानीय आम नागरिकका चासो  आवश्यकतालाई मुख्य आधार वनाएको छु ।स्थानीय सरकारले गरेको कार्यानुभव, विभिन्न क्षेत्रका सरोकारवालहरुबाट प्रपस्र महत्वपूर्ण सुझाव समेतलाई बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।

गाउँपालिका भित्रका नागरिकहरुलाई स्वरोजगार बनाउन स्थानीय स्रोत, श्रम, सीपको प्रयोग गरि वकास योजना संञ्चालन गर्ने, अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत खर्चको अंश बढाउने, चालु खर्चमा मितव्ययीता ल्याउने, फजुल खर्च नियन्त्रण गर्ने जस्ता नीति अख्तियार गरी बजेट प्रस्तुत गरेको छु ।योजना तथा कार्यक्रम छनौटमा साधन र श्रोतको वाँडफाँड र

विनियोजनमा देखिने दोहोरोपनलाई न्युर्निकरण गर्न प्रशासनीक तथा प्राविधिक क्षमाता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन कायम हुन् गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,**

**अव म चालु आ.व. २०७९/०८० को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. चालु आ.ब का लागि संघीय सरकारबाट विनियोजन भएको समानिकरण अनुदान र ८ करोड ८६ लाख मध्ये रु ७ करोड ७५ लाख २५ हजार प्राप्त भएको, राजश्व बाँडफाँड तर्फ रु ८ करोड १३ लाख ३९ हजार मध्ये जेठ मसान्त सम्म रु ६ करोड ३६ लाख ३६ हजार १ सय ६ प्राप्त भएको र सशर्त अनुदान तर्फ रु १५ करोड ५४ लाख मध्ये १७ करोड ६२ लाख १५ हजार प्राप्त भएको छ । साथै प्रदेश समानीकरण तर्फ रु ४६ लाख २४ हजार मध्ये रु ४० लाख ४६ हजार प्राप्त भएको, सशर्त अनुदान तर्फ रु ८० लाख मध्ये ६० लाख प्राप्त भएको, समपुरक तर्फ रु १ करोड ५० लाख मध्ये रु१ करोड १२ लाख ५० हजार प्राप्त भएको र राजश्व बाँडफाँड तर्फ रु ६५ लाख ५३ हजार मध्ये रु ५० लाख ४५ हजार ५१ प्राप्त भएको छ ।

२. गाउँपालिकाको कूल राजश्व अनुमान रु ४० लाख रहेकोमा २०८० जेठ मसान्त सम्म रु २६ लाख आन्तरिक आय संकलन भएको छ ।

सभाध्यक्ष महोदय तथा गाउँसभाका सदस्यज्यूहरु,

३. यस गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी माडी गाउँपालिकालाई नमूना गाउँपालिकको रुपमा विकास गर्न र **कृषि पशुपंक्षी जडीबुटी र दीगो पूर्वाधारः समृद्ध माडीको आधार** भन्ने दीर्घकालीन सोचका साथ आगामी आ.व.को लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**बजेट तथा कार्यक्रमका उद्देश्यहरुः**

- शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने,
- स्वास्थ्य सरसफाइ तथा स्वच्छ खानेपानी एवं पोषणमा लगानी गरी आम नागरिकको जीवनस्तरमा सुधार गर्ने
- कृषि तथा पशुपालन व्यवसायलाई उत्पादनमूलक आत्मनिर्भर बनाउदै रोजगारीका अवसर सिर्जना गर्ने र बजारीकरणको सुनिश्चितता गर्ने
- पर्यटन क्षेत्रको पहिचान र विकास गरी जनताको आयस्तर वृद्धि गर्ने
- स्थानीय श्रोत साधनको समुचित परिचालन मार्फत सामाजिक न्याय सहितको दीगो आर्थिक वृद्धि गर्ने

- वातावरणमैत्री तथा स्तरीय पूर्वाधार विकास गरी दीगो विकास नीति अवलम्बन गर्ने
- सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणका लागि लक्षत वर्गको हित अनुकूल कार्यक्रमहरु संचालन गर्ने
- सेवा प्रवाहलाई जनमूखी, प्रभावकारी र सर्वसुलभ बनाई सुशासन कायम गर्ने
- संघ र प्रदेश सरकारका नीति तथा कार्क्रमसंग सहकार्य र समन्वय गरी विभिन्न योजना तथा कार्यक्रमहरु निर्माण तथा संचालन गर्ने

**४. बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम पहिचान गरेको छु ।**

- कृषि तथा पशुपालन तथा बजारीकरण
- आधारभूत शिक्षा तथा शैक्षिक सुधार कार्यक्रम
- आधारभूत स्वास्थ्य तथा पोषण सुधार एवं खानेपानी तथा सरसफाइ
- पर्यटन प्रवर्द्धन तथा आय आर्जन
- स्थानीय स्रोत साधनमा परिचालनमा जनसहभागिता
- स्थानीय पुर्वाधार निर्माण
- ज्यष्ठ नागरिक अपाङ्ग अशक्त तथा असहाय व्यक्ती लक्षित कार्यक्रम
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- गुणस्तरीय सेवा प्रवाह संस्थागत विकास र सुशासन प्रवर्द्धन
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
- समन्वय र सहकार्य

**सभाध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य ज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. माडी गाउँपालिका स्तरीय वहुबर्षीय र पालिकाका गौरवका योजनाहरुलाई बजेट विनियोजनमा विशेष जोड दिएको छ ।

६. प्रत्येक वडालाई जनसंख्या र भूगोलको आधारमा न्युनतम रु ३० लाख र अधिकतम रु ५६ लाख बजेट निर्धारण गरी कार्यक्रम संञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

७. अव म क्षेत्रगत रुपमा तय गरिएका कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास तर्फः**

८. गत वर्ष सञ्चालन भएका तर पूरा नभएका योजनालाई निरन्तरता दिईएको छ । गुरुयोजना अनुसार बाटो नपुगेको बस्तिमा बाटो पुर्याउने तथा भएका बाटाहरुको स्तरोन्नती गरिदै लग्ने साथै गाउँको पैसा गाउँमै रहोस भन्ने अभिप्रायले मर्मत गर्नुपर्ने सडकहरुलाई विशेष अवस्थामा बाहेक श्रममा आधारित बनाईने व्यवस्था मिलाइएको छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९. गाउँपालिका भित्रका मुख्य सडकहरु लगायत ठूला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१०. कृषकहरुले उत्पादन गरेको कृषि उपजलाई व्यवस्थित र सुरक्षित गर्न खासगरी आलुको सुरक्षित भण्डारण गर्न रस्टिक स्टोर निर्माणका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

११. गाउँपालिका क्षेत्रका विद्यालयहरुमा शैक्षिक वातावरणको प्रभावकारी व्यवस्थापनका लागि विद्यालय भवन निर्माण लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२. खानेपानी तथा सरसफाइ र सिंचाइमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. प्रदेश सरकारबाट समपूरक योजना कार्यान्वयनका लागि रु २ करोड विनियोजन गरको छु ।

१४. संघीय सरकारबाट समपूरक अनुदान तर्फ पुल्वाङ धुरी युद्ध पर्यटन निर्माणका लागि रु ५० लाख प्राप्त भएकोले सो योजना निर्माण गर्न रु ५० लाख पालिकाबाट विनियोजन गरेको छु ।

**आर्थिक विकास तर्फः**

१५. माडी गाउँपालिकाको कृषि पशुपंक्षी जडीबुटी र दीगो पूर्वाधारः समृद्ध माडीको आधार भन्ने नारालाई सार्थक बनाउनका लाग कृषि पशुपालन पर्यटन उद्यमशीलताका क्षेत्रमा केन्द्रित भघ कार्यक्रमहरु संञ्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

१६. कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गरी रोजगारीका अवसर सिर्जना गर्न विउ वितरण, बाली संरक्षण र तरकारी खेतीका लगाएतका कार्यक्रम गर्नका लागि रु ७ लाख विनियोजन गरेको छु ।

१७. गाउँपालिकाबाट लागत साझेदारी गरी स्मार्ट कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम गर्नका लागि रु १ करोड बजेट विनियोजन गरेको छु ।

सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि सहकारी सम्बन्धी कार्यक्रमका लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु ।

१८. पशु स्वास्थ्य शिविर औषधि वितरण घाँसको विउ वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. पर्यटन पर्वद्धनको माध्यमबाट गाउँपालिकाका नागरिकहरुको आयस्तर वृद्धि गर्न माडी गाउँपालिकाको पुल्वाङ्ग धुरी युद्ध पर्यटन विकासका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

१९. माडी गाउँपालिकाको क्षेत्रमा कृषि तथा पशु विकासको माध्यमबाट समृद्ध माडी बनाउन त्यस क्षेत्रको व्यवसायीकरण गर्न जरुरी ठानिएको छ । यसका लागि समग्रमा रु १४ लाख बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फः**

२१. स्वास्थ्य सेवालाई गुणस्तरीय र पहुँचयोग्य बनाई आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालनका लागि रु ३० लाख विनियोजन गरेको छु ।

२२. शिक्षा क्षेत्रमा आमूल परिपर्तन गर्दै यसलाई सुदृढ, दीगो समावेशी र सर्वसुलभ बनाउन र यस क्षेत्रको समग्र विकास र प्रवर्द्धनका लागि नीतिगत संरचनागत एवं जनशक्तीगत व्यवस्थापन गर्न रु २ करोड ३० लाख रकम विनियोजन गरेको छु ।

२३. महिला बालबालीका जेष्ठ नागरिक लगायत लक्षित वर्गसंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न महिला तथा बालबालिका तर्फ रु ८ लाख विनियोजन गरेको छु ।

२४. सामाजिक विकास तर्फका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ३ करोड ४ लाख विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

**२५.** वन तथा वातावरण व्यवस्थापनका लागि वृक्षारोपण रिचार्ज पोखरी र मूल संरक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२६. बजार क्षेत्रमा संकलन हुने फोहोरको उचित व्यवस्थापन गरी स्वच्छ र सफा राख्न फोहोरमैला व्यवस्थापनका  लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

२७. विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा तीनको व्यवस्थापन गर्न प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**सुशासन तथा संस्थागत विकास तर्फः**

**२८.** सञ्चार जगतसंग समन्वय गरी मिडिया सहकार्य, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. कार्यालयको संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि तथा कर्मचारी हरुका लागि आवश्यक तालिम, अभिमुखिकरण गोष्ठी सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

३०. विकास निर्माण कार्यलाई पारदर्शि र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कारयक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

३१. कार्यालयका कामकाजलाई छिटो छरितो प्रभावकारी र सूचना प्रविधिमैत्री बनाउन विभिन्न सफ्ट वायर खरिद गर्न आवश्यक रकम विनियोजन गरेको छु । समग्र सुशासन तथा संस्थागत व्यवस्थाका लागि रु ४८ लाख २७ हजार ६ सय १९ विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरु, अव म आगामी आर्थिक वर्ष २०८०/८१ को लागि माडी गाउँपालिकाको राजश्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**३२.** आगामी आ.व. को नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ३७ करोड ७८ लाख १७ हजार ६ सय १९ विनियोजन गरेको छु । जसमध्ये आन्तरिक स्रोत, राजस्व बाँडफाँड र समानीकरण अनुदानको कूल बजेट मध्ये चालुतर्फ रु.१२,०७,४७,६१९ ( ६६ प्रतिशत) र पूँजीगत तर्फ रु.६,१६,२०,०००(३४ प्रतिशत) विनियोजन गरेको छु ।

३३. आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु ५० लाख, चालू आ.वमा खर्च नभइ बाँकी रहने अनुमानित रकम रु १ करोड, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान रु ७ करोड ८८ लाख, राजश्व बाँडफाँड रु७ करोड ९७ लाख १ हजार ४ सय, विशेष अनुदान रु १ करोड १५ लाख समपूरक अनुदान रु ५० लाख र सशर्त अनुदान रु १६ करोड ८ लाख को बजेट सीलिङ प्राप्त भएको छ ।

त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु ५२ लाख ६६ हजार, राजश्व बाँडफाँड रु ३६ लाख २ सय १९, सशर्त अनुदान रु ८१ लाख ५० हजार समपूरक अनुदान रु १ करोड र विशेष अनुदान हालसम्म कुनै रकम प्राप्त नभएको व्यहरा अनुरोध गर्दै अन्य संघ संस्था र प्रदेश

सरकारबाट पछि प्राप्त हुने बजेटलाई  प्राप्त भएपछि समावेश गरी बजेटको एकिकृत रुप तयार गरिनेछ ।

३४. आर्थिक वर्ष २०८०/८१ को विस्तृत बजेट बाँडफाँड अनुसूची २ र ३ मा संलग्न गरिएको छ ।

**अन्त्यमा**,

गाउँपालिकमा उपलब्ध सीमित स्रोत साधनको कारण अपेक्षाकृत आम नागरिकका तत्कालिन समस्यालाई समाधान गर्न सक्ने खालका कार्यक्रमहरु समावेश गर्न नसकिउकोमा क्षमा चाहन्छु । गाउँपालिका भित्रका ठूला योजना सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकारसंग प्रभावकारी समन्वय गरिनेछ । योजना तथा बजेट तर्जुमा गर्दा सल्लाह सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँवासीहरु राजनीतिक दलहरु संघ संस्थाहरु र गाउँपालिकाका कर्मचारीहरु प्रति आभार प्रकट गर्दै बजेटको प्रभावकारी कार्यान्वयनका लागि पूर्ण सहयोग सहकार्य र समन्वयको आशा र अपेक्षा राखेको छु ।

**धन्यवाद** ।

संयोजक

बजेट तथा कार्यक्रम तर्जुमा समिति

| आ.व २०८०/०८१ मा नेपाल सरकार, प्रदेश सरकारबाट पास अनुमानित श्रोत विवरण तथा स्थानीय तहको आन्तरिक श्रोत व्यवस्थापन | | | |
|---|---|---|---|
| **क.स.** | **विवरण** | **रकम** | **अक्षरमा** |
| १ | संघीय अनुदान समानीकरण | ७,८८,००,००० ।- | सात करोड अठासी लाख मात्र |
| २ | संघिय अनुदान सशर्त | १६ ,०८ ,००,००० ।- | सोह्र करोड आठ लाख मात्र |
| ३ | संघीय राजश्व बाँडफाड | ७,९७,०१,४०० ।- | सात करोड सन्तानब्वे लाख एक हजार चार सय मात्र |
| ४ | संघीय विशेष अनुदान | १,१५,००,००० ।- | एक करोड पन्ध्र लाख मात्र |
| ५ | संघीय सम्पुरक अनुदान | ५०,००,००० ।- | पचास लाख मात्र |
| **६** | **जम्मा** | **३४,३०,०१,४०० ।-** | **चौतिस करोड तीस लाख एक हजार चार सय** |
| १ | प्रदेश अनुदान वित्तीय समानीकरण | ५२,६६,००० ।- | बाउन्न लाख छैसठ्ठी हजार मात्र |
| २ | प्रदेश अनुदान सशर्त | ८१,५०,००० ।- | एकासी लाख पचास हजार मात्र |
| ३ | प्रदेश विशेष अनुदान | ० | ० |
| ४ | प्रदेश राजश्व बाडफाँड | ३६ ,०० ,२१९ ।- | छत्तीस लाख दुइ सय उन्नीस मात्र |
| ५ | प्रदेश समपुरक अनुदान | १,००,००,००० ।- | एक करोड मात्र |
| | **जम्मा** | **२,७०,१६,२१९।-** | **दुइ करोड सहत्तरी लाख सोह्र हजार दुइ सय उन्नाइस मात्र** |
| १ | आन्तरिक राजश्व | ५०,००,००० ।- | पचास लाख मात्र |
| २ | अ.ल्या | १,००,००,००० | एक करोड मात्र |
| | **जम्मा** | **३७,७८,१७,६१९ ।-** | **सरतीस करोड अठहतर लाख सत्र हजार छ सय उन्नाइस मात्र** |

## गाउँपालिका चालु खर्च तर्फ

| **क.स.** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
|---|---|---|---|
| १ | कर्मचारी पारिश्रमिक | १,४०,००,००० | एक करोड चालिस लाख मात्र |
| २ | पदाधिकारीको सेवा सुविधा | ९०,००,००० | नब्बे लाख |
| ३ | कर्मचारीको पोशाक तथा भत्ता | ३,५०,००० | तिन लाख पचास हजार |
| ४ | स्थानीय भत्ता | १२,००,००० | बाह्र लाख |

| | | | |
|---|---|---|---|
| ५ | महंगी भत्ता | ७,५०,००० | सात लाख पचास हजार |
| | आ.व २०७९/८० को बाँकी भुक्तानी | ४५००००० | पैचालिस लाख |
| | **जम्मा** | **२९८०००००** | **दुइ करोड अन्ठानब्बे लाख** |
| **७.** | **पदाधिकारीको बैठक भत्ता वडा अन्तर्गत** | | |
| ७.१ | वडा नं. १ | २,३०,००० | दुई लाख तिस हाजर |
| ७.२ | वडा नं. २ | २,३०,००० | दुई लाख तिस हाजर |
| ७.३ | वडा नं. ३ | २,३०,००० | दुई लाख तिस हाजर |
| ७.४ | वडा नं. ४ | २,३०,००० | दुई लाख तिस हाजर |
| ७.५ | वडा नं. ५ | २,३०,००० | दुई लाख तिस हाजर |
| ७.६ | वडा नं. ६ | २,३०,००० | दुई लाख तिस हाजर |
| ८ | पदाधिकारी बैठक भत्ता गा.पा. | ८००,००० | आठ लाख |
| | जम्मा | **२१८००००** | एक्काइस लाख असि हजार |
| **९.** | **पानी तथा विजुली** | | |
| ९.१ | वडा नं. १ | ६०,००० | साठी हजार |
| ९.२ | वडा नं. २ | ६०,००० | साठी हजार |
| ९.३ | वडा नं. ३ | ६०,००० | साठी हजार |
| ९.४ | वडा नं. ४ | ६०,००० | साठी हजार |
| ९.५ | वडा नं. ५ | ६०,००० | साठी हजार |
| ९.६ | वडा नं. ६ | ६०,००० | साठी हजार |
| १० | पानी तथा विजुली गा.पा. | ४,५०,००० | चार लाख पचास हजार |
| | जम्मा | **८१००००** | आठ लाख दस हजार |

| | | | |
|---|---|---|---|
| **११** | **संचार महशुल** | | |
| ११.१ | वडा नं. १ | २०,००० | बिस हजार |
| ११ .२ | वडा नं. २ | २०,००० | बिस हजार |
| ११ .३ | वडा नं. ३ | २०,००० | बिस हजार |

| | | | |
|---|---|---|---|
| ११ .४ | वडा नं. ४ | २०,००० | बिस हजार |
| ११ .५ | वडा नं. ५ | २०,००० | बिस हजार |
| ११.६ | वडा नं. ६ | २०,००० | बिस हजार |
| १२ | संचार महशुल गा.पा. | ७,००,००० | सात लाख |
| १३ | इन्धन कार्यालय प्रयोजन | ८,००,००० | आठ लाख |
| १४ | इन्धन कार्यालय डोजर | २०,००,००० | बीस लाख |
| १५ | विमा दर्ता नवीकरण | ८,००,००० | आठ लाख |
| १६ | मेसिनरी औजार मर्मत अन्य | ६,००,००० | छ लाख |
| १७ | मेसिनरी औजार तथा सवारी साधन मर्मत सम्भार | १५,००,००० | पन्ध्र लाख |
| | जम्मा | **६५२००००** | पैसठ्ठी  लाख बीस हजार |
| **१८ मसलन्द तथा कार्यालय सामग्री** | | | |
| १८.१ | वडा नं. १ | २,००,००० | दुई लाख |
| १८ .२ | वडा नं. २ | २,००,००० | दुई लाख |
| १८.३ | वडा नं. ३ | २,००,००० | दुई लाख |
| १८ .४ | वडा नं. ४ | २,००,००० | दुई लाख |
| १८ .५ | वडा नं. ५ | २,००,००० | दुई लाख |
| १८.६ | वडा नं. ६ | २,००,००० | दुई लाख |
| १९ | मसलन्द तथा कार्यालय सामग्री गा.पा. | ९,००,००० | नौ लाख |
| २० | ल्यापटप तथा कम्प्युटर खरिद | ६००००० | छ लाख मात्र |
| २१ | सेवा तथा परामर्श **MTEF** | ८,८०,००० | आठ लाख असि हजार |
| २२ | करार सेवा शुल्क | १,३५,००,००० | एक करोड पैतीस लाख |
| | जम्मा | **१७०८००००** | एक करोड सहत्तरी लाख असी हजार |
| **२३ विविध कार्यक्रम खर्च** | | | |
| २३.१ | वडा नं. १ | १,५०,००० | एक लाख पचास हजार |
| २३ .२ | वडा नं. २ | १,५०,००० | एक लाख पचास हजार |
| २३.३ | वडा नं. ३ | १,५०,००० | एक लाख पचास हजार |

| | | | |
|---|---|---|---|
| २३.४ | वडा नं. ४ | १,५०,००० | एक लाख पचास हजार |
| २३.५ | वडा नं. ५ | १,५०,००० | एक लाख पचास हजार |
| २३.६ | वडा नं. ६ | १,५०,००० | एक लाख पचास हजार |
| २४ | अनुगमन तथा मुल्यांकन खर्च (पदाधिकारी /कर्मचारी | ७,००,००० | सात लाख |
| २५ | भ्रमण खर्च अन्तर जिल्ला | ७,००,००० | सात लाख |
| २६ | भ्रमण खर्च विशिष्ट व्यक्ति | ३,००,००० | तीन लाख |
| | जम्मा | **२६००००००** | छब्वीस लाख |
| **२७ विविध खर्च** | | | |
| २७.१ | वडा नं. १ | २,००,००० | दुई लाख |
| २७ .२ | वडा नं. २ | ३,००,००० | तिन लाख |
| २७.३ | वडा नं. ३ | २,००,००० | दुई लाख |
| २७.४ | वडा नं. ४ | २,००,००० | दुई लाख |
| २७ ५ | वडा नं. ५ | २,००,००० | दुई लाख |
| २७.६ | वडा नं. ६ | २,००,००० | दुई लाख |
| २८ | विविध खर्च गा.पा. | १०,००,००० | दस लाख |
| २९ | सभा संचालन खर्च | ३,००,००० | तीन लाख |
| ३० | घर भाडा | ७,००,००० | सात लाख |
| ३१ | सवारी साधन, मेसिनरी औजार भाडा | ५,००,००० | पाँच लाख |
| ३२ | फर्निचर खरिद | १०,००,००० | दस लाख |
| ३३ | कर्मचारी भ्रमण खर्च | १०,००,००० | दश लाख |
| ३४ | वडा जनप्रतिनिधि तथा कर्मचारी भ्रमण खर्च वडा नं १,३,४,५ र ६ मा १/१ लाख | ५००००० | पाँच लाख |
| ३५ | कर्मचारी सरुवा भ्रमण खर्च | ३,००,००० | तीन लाख |
| ३६ | पदाधिकारी भ्रमण खर्च | १०,००,००० | दश लाख |
| ३७ | विविध मागमा आधारित | १०,००,००० | दस लाख |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | ८६००००० | छयानव्बे लाख |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| **सम्पुरक प्रदेश सरकार अन्तर्गतका योजनाहरु (रकम रु. १,००,००,००० ।- (एक करोड))** | | | |
| **क.स.** | **योजना** | **प्रदेश अनुदान रु.** | **गा.पा. योगदानरु. (अक्षरमा)** |
| १ | खाराबाङ, सिम्री भस्माखोर मोटरबाटो स्तर उन्नती वडा नं. ३ | २५,००,००० | २५,००,००० (पच्चिस लाख ) |
| २ | श्री नेपाल राष्ट्रिय मा.वि आरुवा आठकोठे भवन निर्माण योजना माडी ४ | २५,००,००० | २५,००,००० (पच्चिस लाख ) |
| ३ | घर्तीगाउँ घुम्तीदेखि जगरबोट,पेदिखोला, झिनुवा, त्रिवेणी सम्म स्तर उन्नती तथा कालोपत्रे माडी २ | ५०,००,००० | १५०,००,००० (एक करोड पचास लाख ) |
| **जम्मा** | | १,००,००,००० | **२०००००० दुई करोड** |
| **सम्पुरक संघीय सरकार अन्तर्गतका योजनाहरु (रकम रु.५०,००,००० ।- (पचास लाख))** | | | |
| **क.स.** | **योजना** | **संघीय अनुदान रु.** | **गा.पा. योगदानरु. (अक्षरमा)** |
| १ | पुलबाङ धुरी युद्ध पर्यटन क्षेत्र निर्माण | ५०,०० ,००० | ५०,००,००० (पचास लाख ) |
| **जम्मा** | | **५०,००,०००** | **५०,००,००० (पचास लाख )** |

| | | | |
|---|---|---|---|
| **गाउँपालिका पुंजीगत तर्फ** | | | |
| **क.स** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
| १ | सवारी साधन | ६०,००,००० | साठी लाख |
| २ | सवारी साधन मोटरसाइकल | ५००००० | पाँच लाख |
| | **जम्मा** | **६५०००००** | **पैसठ्ठी लाख** |

**गाउपालिका तर्फका विषय क्षेत्रगत योजना तथा कार्यक्रमहरुः**

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| सामाजिक विकास | | | |
|---|---|---|---|
| **क.स.** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
| १ | स्वास्थ्य | ३०,००,००० | तीस लाख |
| २ | शिक्षा | २३०,००,००० | दुई करोड तीस लाख |
| ३ | महिला बालबालिका तथा जेष्ठ नागरिक | ८,००,००० | आठ लाख मात्र |
| ४ | पूर्ण सरसफाई तथा स्वच्छता (वास) | १०,००,००० | दस लाख मात्र |
| ५ | आयुर्वेद | २,००,००० | दुइ लाख मात्र |
| ६ | किशोरकिशोरी तथा आमा समूहहरु संग उपाध्यक्ष कार्यक्रम | ६,००,००० | छ लाख मात्र |
| ७ | दलित सचेतना कर्यक्रम | ३००००० | तीन लाख |
| ८ | राष्ट्रपति रनिङ शिल्ड | ५००००० | पाँच लाख |
| ९ | जनतासंग अध्यक्ष कार्यक्रम | १०००००० | दस लाख |
| | **जम्मा** | **३०४०००००** | **तीन करोड चार लाख मात्र** |

| आर्थिक विकास | | | |
|---|---|---|---|
| **क.स.** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
| १ | कृषि | ७,००,००० | सात लाख |
| २ | पशु | ७,००,००० | सात लाख |
| ३ | हेफर परियोजना | १००००००० | एक करोड मात्र |
| ४ | प्रधानमन्त्रि रोजगार कार्यक्रम | १०,००,००० | दश लाख |
| ५ | सहकारी सम्बन्धी कार्यक्रम | १५०००० | एक लाख पचास हजार |
| | **जम्मा** | **१२५५००००** | **एक करोड पच्चीस लाख पचास हजार** |

| पूर्वाधार विकास | | | |
|---|---|---|---|
| **क.स.** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
| १ | सिद्धकैलाश मा.वि भवन निर्माण तथा घेरबार | ४०००००० | चालीस लाख |
| २ | बाजेथान खानेपानी निर्माण | १०००००० | दस लाख |



अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३ | ब्याङ्गखोला आधारभूत स्वास्थ्य ईकाई केन्द्र भवन तथा शौचालय निर्माण | १०००००० | दस लाख |
| ४ | माडी प्रज्ञा प्रतिष्ठान | ५००००० | पाँच लाख |
| ५ | रस्टिक स्टोर निर्माण | ६५०००० | छ लाख पचास हजार |
| ६ | जिल्ला रेड क्रस (Blood Bank ) | ३००००० | तीन लाख मात्र |
| ७ | खेलकुद विकास समिति | ५००००० | पाँच लाख |
| | **जम्मा** | **७९५००००** | **उनासी लाख पचास हजार मात्र** |

**वन, वातावरण तथा विपद् व्यवस्थापनः**

| **क्र.स.** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
|---|---|---|---|
| १ | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन | १०००००० | दस लाख मात्र |
| २ | वन तथा वातावरण संरक्षण | २००००० | दुइ लाख |
| ३ | स्काउट कार्यक्रम | १५०००० | एक लाख पचास हजार |
| ४ | फोहोर मैला व्यवस्थापन | ५००००० | पाँच लाख |
| | **जम्मा** | **१८५००००** | **अठार लाख पचास हजार** |

**सुशासन तथा संस्थागत विकासः**

| **क्र.स.** | **कार्यक्रम** | **विनियोजित रकम** | **अक्षरेपी** |
|---|---|---|---|
| १ | तालिम/गोष्ठी/सेमिनार जनप्रतिनिधि/कर्मचारी | ५००००० | पाँच लाख मात्र |
| २ | सूचना तथा सञ्चार प्रविधि | १५००००० | पन्ध्र लाख |
| ३ | सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण | ५००००० | पाँच लाख |
| ४ | योजना सफ्टवेयर खरिद | ३००००० | तीन लाख |
| ५ | उपभोक्ता हित संरक्षण | २७७६१९ | दुईलाख सत्तहत्तर हजार छ सय उन्नाईस |
| ६ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण तथा परिमार्जन | २००००० | दुइ लाख |
| ७ | उजुरी पेटिका | ५०००० | पचास हजार |
| ८ | योजना अनुगमन तथा मुल्याङ्कन | ५००००० | पाच लाख |
| ९ | सूचना प्रकाशन तथा प्रसारण | २००००० | दुइ लाख |
| १० | समृद्ध माडी रेडियो कार्यक्रम | २००००० | दुई लाख |



अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| ११ | न्याय व्यवस्थापन | ६००००० | छ लाख |
| | **जम्मा** | **४८२७६१९** | **अरचालिस लाख सत्ताईस हजार छ सय उन्नाईस** |

**वडातर्फका क्षेत्रगत योजना तथा कार्यक्रमहरुः**

| **वडा हरुको लागि वित्तीय समानीकरण अनुदान तर्फ प्रदान गरिएको सीमाः** | | | |
|---|---|---|---|
| **क्र.स** | **योजना** | **वजेट सीमा** | **अक्षरमा** |
| १ | वडा नं. १ | ५६,००,००० | छपन्न लाख मात्र |
| २ | वडा नं. २ | ३०,००,००० | तीस लाख मात्र |
| ३ | वडा नं. ३ | ३८,५०,००० | अरतीस लाख पचास हजार मात्र |
| ४ | वडा नं. ४ | ४०,००,००० | चालिस लाख मात्र |
| ५ | वडा नं. ५ | ५६,००,००० | छपन्न लाख मात्र |
| ६ | वडा नं. ६ | ३६,५०,००० | छत्तीस लाख पचास हजार मात्र |
| **जम्मा** | | **२, ५७,००,०००** | **दुइ करोड सन्ताउन्न लाख मात्र** |

**वडातर्फ विनियोजित शिर्षक तथा बजेट**

**१ नं. वडा तर्फः**

| **पूर्वाधार विकास** | | | |
|---|---|---|---|
| **क्र.स** | **योजनाको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | सर्पे स्मृति टोलविकास संस्था गुसारखोला गोरेटो पुल निर्माण | २५०००० | दुई लाख पचास हजार |
| २ | शोभा स्मृति टोलविकास संस्था प्यूठानतरा आर्यघाट निर्माण | ३००००० | तीन लाख |
| ३ | बक्सपुले आर्यघाट चर्पी तथा सोलिङ्ग पीपीसी निर्माण | १००००० | एक लाख |
| ४ | विशालस्मृति टोलविकास संस्था गाउँघर क्लिनिक निर्माण | ३००००० | तीन लाख |
| ५ | विशालस्मृति टोलविकास संस्था श्री कृष्ण आवि घेरबार चर्पी मर्मत | २००००० | दुई लाख |
| ६ | सन्जु स्मृति टोलविकास संस्था सामुदायिक भवन निर्माण | २५०००० | दुई लाख पचाँस हजार |
| ७ | अपतार स्मृति टोलविकास संस्था डिम्मुरे सिंचाई निर्माण | १५०००० | एक लाख पचाँस हजार |

| | | | |
|---|---|---|---|
| ८ | सर्पे स्मृति टोलविकास संस्था देउनीगालि सिंचाई योजना निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| ९ | अपतार स्मृति टोलविकास संस्था मर्चुला राजखर्क सिंचाई निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| १० | अर्जुनदेव स्मृति टोलविकास संस्था सिचाई लिफ्ट खा.पा थप निर्माण | ३५०००० | तीन लाख पचाँस हजार |
| ११ | सन्देश समृति टोलविकास संस्था बल्लेखोला खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| १२ | हुनान स्मृति टोलविकास संस्था जैपाले खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| १३ | विशाल स्मृति टोलविकास संस्था खोरबारे खा.पा थप निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| १४ | खागिलधुरी टोलविकास संस्था जौलेसल्ला थप खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| १५ | खागिलधुरी टोलविकास संस्था लसुने थप खा.पा निर्माण | १००००० | एक लाख |
| १६ | विरबल स्मृति टोलविकास संस्था आरखुट्टी दानिखा खा.पा मर्मत | १५०००० | एक लाख पँचास हजार |
| १७ | तिवाङ्गखोला टोलविकास संस्था ओखरेनीखोला स्यानीखोरे खा.पा निर्माण | २००००० | दुई लाख पचाँस हजार |
| १८ | पुजा स्मृति टोलविकास संस्था सिसाखानी पेदीखोला खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| १९ | तिर्था स्मृति टोलविकास संस्था ज्याङ्गनाखानी खा.पा मर्मत | १००००० | एक लाख |
| | सुनाखरी स्वास्थ्य आमा समूह भवन पिसिसि निर्माण | ५०००० | पचास हजार |
| २० | विविध | १०००००० | दश लाख |
| | **जम्मा** | ४५५०००० | पैतालिस लाख पचास हजार रुपैया मात्र । |
| **सामाजिक विकास तर्फ** | | | |
| १ | सरसफाई नमुना उन्मुख टोल घोषणा कार्यक्रम | १००००० | एक लाख |
| २ | सुनौलो हजार दिनका आमा र बच्चाहरुको लागि सरसफाई प्रवर्दन कार्यक्रम | ५०००० | पचाँस हजार |
| ३ | स्वास्थ्य संस्थागत सुत्केरीको लागि प्रोत्साहन कार्यक्रम | १००००० | एक लाख |
| ४ | विविध कार्यक्रम खर्च | ३००००० | तीन लाख |
| ५ | वडामा फर्निचर खरिद | ५००००० | पाँच लाख |
| | **जम्मा** | **१०५००००** | दस लाख पचास हजार रुपैया मात्र । |
| | **विनियोजित जम्मा बजेट** | **५६०००००** | छपन्न लाख रुपैयाँ मात्र । |



अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

२ नं. वडा तर्फः

| | | | |
|---|---|---|---|
| | | **पूर्वाधार विकास** | |
| **क्र.स** | **योजनाको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | वडा कार्यालय शौचालय निर्माण तथा प्राङ्गन मर्मत | २००००० | दुई लाख |
| २ | भगवती आ.वि. भवन मर्मत | १५०००० | एक लाख पचास हजार |
| ३ | गणेश गुफा टोल विकास सँस्था भवन घरबार तथा शौचालय निर्माण | १६०००० | एक लाख साठी हजार |
| ४ | लोसेबाङ टोल विकास सँस्था भवन निर्माण | ३००००० | तीन लाख |
| ५ | गलसुका टोल विकास सँस्था भवन निर्माण | २५०००० | दुई लाख पचाँस हजार |
| ७ | ब्याङखोला स्वास्थ्य आमा समूह भवन निर्माण | ३००००० | तीन लाख |
| ८ | दह ब्राह मन्दिर निर्माण | ७०००० | सहत्तरी हजार |
| | **जम्मा** | **१४३००००** | चौधँ लाख तीस हजार रुपैया मात्र |
| | **सामाजिक विकास तर्फ** | | |
| 1 | टुहुरा विद्यार्थी बालबालिका मासिक शैक्षिक भत्ता वितरण | २६०००० | दुई लाख साठ्ठी हजार |
| 2 | गरिब तथा जेहेन्दार विद्यार्थी शैक्षिक सामाग्री वितरण | ८०००० | असी हजार |
| 3 | महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन | ५०००० | पचाँस हजार |
| 4 | संस्थागत सुत्केरीयुक्त वडा घोषणा कार्यक्रम | ३०००० | तीस हजार |
| 5 | पञ्चे बाजा तालिम | १००००० | एक लाख |
| 6 | पूर्ण सरसफाई उन्मुख कार्यक्रम | २००००० | दुई लाख |
| 7 | अभिभावक शिक्षा कार्यक्रम | ८०००० | असी हजार |
| 8 | माडी तेक्वाण्डो विकास समिति खेलकुद सामाग्री खरिद | ५०००० | पचाँस हजार |
| 9 | माछेडाँडा खानेपानी योजना मर्मत | १००००० | एक लाख |
| 10 | एक घर एक धारा निर्माण खानेपानी योजना निर्माण तथा मर्मत | ७०००० | सहत्तर हजार |
| | औल शिलचौर खानेपानी योजना निर्माण | ४५०००० | |
| 11 | स्याला लिफ्टिङ खानेपानी तथा जुरबोट खानेपानी योजना घेरबार निर्माण | ५०००० | पचाँस हजार |
| १२ | विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सम्बन्धी तालिम | ५०००० | पचास हजार |



गाउँपालिका कार्यपालिकाको कार्यालय ... रोल्पा लुम्बिनी प्रदेश, नेपाल

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| | **जम्मा** | १५७०००० | पन्धँ लाख सहत्तरी हजार रुपैया मात्र । |
| | **विनियोजित जम्मा बजेट** | **३००००००** | तीस लाख रुपैयाँ मात्र |

**३ नं. वडातर्फ**

| **पूर्वाधार विकास** | | | |
|---|---|---|---|
| **क.स** | **योजनाको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | वडा कार्यालय घेरबार तथा गेट निर्माण | ४००००० | चार लाख |
| २ | पुरानो स्वास्थ्य चौकी भवन मर्मत | १७५००० | एक लाख पचहत्तर हजार |
| ३ | ने.रा. मा.वि तालावाङ्ग विद्यालयकाव गेट निर्माण | १००००० | एक लाख |
| ४ | भार्ते भरालीडेरा सिंचाई ट्याङ्गकी मर्मत | १५०००० | एक लाख पचाँस हजार |
| ५ | सिम्री सल्लाढाले खोला मुहान मर्मत तथा घेरबार | १००००० | एक लाख |
| ६ | सिम्री डेम्मरखोला कुवा निर्माण | ५०००० | पचाँस हजार |
| ७ | जुङ्ग्राबाङ्गदेखि भष्माखोर विद्यालय खा.पा मर्मत | १५०००० | एक लाख पचाँस हजार |
| ८ | असुराबारी देखि पुनडेरा खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| ९ | बोरधाङ्गधारीदेखि बुढाडेरा खा.पा मर्मत | १००००० | एक लाख |
| १० | भुनाखोरे खारावाङ्ग खा.पा मुहान मर्मत तथा घेरबार | १००००० | एक लाख |
| ११ | खारावाङ् गाउँघर क्लनिकको भवन रङरोगन तथा ट्वाईलेट निर्माण | ७५००० | पचहत्तर हजार |
| १२ | हिपाल खा.पा मुहान निर्माण तथा मर्मत | १००००० | एक लाख |
| १३ | गरगरे खोला कुवा निर्माण | ५०००० | पचाँस हजार |
| १४ | हिले कूकुरगारे मुहान निर्माण | ५०००० | पचाँस हजार |
| १५ | सिस्नेरीखोला खा.पा मुहान निर्माण | १००००० | एक लाख |
| १६ | रुपाखोला जिउला खा.पा ट्याङ्कि निर्माण | १००००० | एक लाख |
| १७ | सुक्काखोला खारावाङ् खारावाङ् खा.पा निर्माण | ५०००० | पचाँस हजार |
| १८ | खानावाङ् मुलखोला ट्याङ्की निर्माण | ५०००० | पचाँस हजार |
| १९ | उवाबाङ्ग खा.पा निर्माण | १००००० | एक लाख |
| २० | काफलबोट ढण्ठान खा.पा मर्मत | १००००० | एक लाख |
| २१ | खावाङखोला जौलेसल्ला खा.पा पाईप खरिद | ५०००० | पचास हजार |
| २२ | महिमा प्रशंसा मण्डली निर्माण भवन निर्माण | २००००० | दुई लाख |

| | | | |
|---|---|---|---|
| २३ | जारेकात्तना खा.पा ट्याङ्की मर्मत | ५०००० | पचाँस हजार |
| | **जम्मा** | **२५५००००** | पच्चीस लाख पचाँस हजार रुपैया मात्र । |
| | **सामाजिक विकास तर्फ** | | |
| 1 | पूर्ण सरसफाई कार्यक्रम | १००००० | एक लाख |
| 2 | तालावाङ् स्वास्थ्य चौकि सामाग्री खरिद | ५०००० | पचाँस हजार |
| 3 | महिला स्वास्थ्य स्वयंमसेविका प्रोत्साहन भत्ता | ५०००० | पचाँस हजार |
| 4 | नारी दिवश | ५०००० | पचाँस हजार |
| 5 | विविध | १०५०००० | दश लाख पचाँस हजार |
| | | **१३०००००** | तेह्र लाख रुपैयाँ मात्र |
| | **जम्मा** | **३८५००००** | अर्तिस लाख पचाँस हजार रुपैया मात्र । |

**४ नं. वडातर्फ**

| **पूर्वाधार विकास** | | | |
|---|---|---|---|
| **क्र.स** | **योजनाको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | श्री सुर्य प्रकाश प्रा.वि बुढागाउँ घेरबार निर्माण | ३५०००० | तीन लाख पचाँस हजार |
| २ | कमेरी खोला खा.पा निर्माण रिजावाङ् | ५००००० | पाचँ लाख |
| ३ | गोगन खोलि खा.पा निर्माण तथा मर्मत | १००००० | एक लाख |
| ४ | बारीखोला जिवाङ् खा.पा निर्माण योजना | २००००० | दुई लाख |
| ५ | खलडाँडा खा.पा निर्माण | १५०००० | एक लाख पचाँस हजार |
| ६ | झ्याउ पुरेनी खा.पा मर्मत | १००००० | एक लाख |
| ७ | पनेरा खा.पा निर्माण तथा मर्मत | १५०००० | एक लाख पचाँस हजार |
| ८ | भागाभिजाउने हौजावाङ् आरुवा खा.पा निर्माण | ७००००० | सात लाख |
| | **जम्मा** | **२२५००००** | बाईस लाख पचाँस हजार |
| | **सामाजिक विकास तर्फ** | | |
| 1 | श्री ने.रा. मा.वि. आरुवामा शिक्षण सिकाई अनुदान | ५८५००० | पाँच लाख पचाँसी हजार |
| 2 | श्री सन्तोष आ.वि कुटेचौरमा शिक्षण सिकाई अनुदान | ३६०००० | तीन लाख साठ्ठी हजार |
| 3 | महिला स्वास्थ्य स्वयंमसेविकालाई सम्मान, यातायात र खाजा खर्च | ९०००० | नब्बे हजार |
| 4 | क्षमता विकासका लागि वडामा विभिन्न तालिम तथा | १५०००० | एक लाख पचाँस हजार |



अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम | | |
| 5 | विपद व्यवस्थापन तथा मोटरबाटो मर्मत तथा सफाई | ३००००० | तीन लाख |
| 6 | कृषि तथा पशुपालन कार्यक्रम शिविर तथा तालिम संचालन | ११५००० | एक लाख पन्धँ हजार |
| 7 | वडा अध्यक्षसँग जनता कार्यक्रम | १५०००० | एक लाख पचाँस हजार |
| | **जम्मा** | **१७५००००** | सत्र लाख पचाँस हजार रुपैयाँ मात्र |
| | **विनियोजित जम्मा बजेट** | **४००००००** | चालिस लाख रुपैयाँ मात्र |

**५ नं. वडातर्फ**

| **पूर्वाधार विकास** | | | |
|---|---|---|---|
| **क्र.स** | **योजनाको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | खुम्बासा खानेपानी निर्माण | २००००० | दुई लाख |
| २ | कुरावाङ् खानेपानी मर्मत | १५०००० | एक लाख पचाँस हजार |
| ३ | जनज्योती खानेपानी मर्मत | २००००० | दुई लाख |
| ४ | खुरीबाङ पुकलाङ् खानेपानी | २००००० | दुई लाख |
| ५ | धपखोला सिंचाई योजना मर्मत | २००००० | दुई लाख |
| ६ | जनता प्रहरि प्रतिक्षालय | १३५००० | एक लाख पैतिसँ हजार |
| ७ | आमा समुह भवन निर्माण | २५०००० | दुई लाख |
| ८ | वडा कार्यालय सभाहल निर्माण | ८००००० | आठ लाख |
| ९ | सहिद रङ्गुन साहासिक मार्ग निर्माण | ४००००० | चार लाख |
| १० | भैपरी आउने मोटरबाटो सफाई माडी ५ | ३००००० | तीन लाख |
| ११ | माडी ५ भित्रका मोटरबाटो सफाई | ८००००० | आठ लाख |
| १२ | जापाखोला एनावाङ् खानेपानी मर्मत | १५०००० | एक लाख पचाँस हजार |
| | | | |
| | **विनियोजित जम्मा बजेट** | **३७८५०००** | सरतीस लाख पचाँसी हजार रुपैयाँ |
| **सामाजिक विकास तर्फ** | | | |
| १ | टोल विकास संस्था र आमासमुहहरुको लागि फिर्निचर खरिद | ७५००० | पचहत्तर हजार |
| २ | नागरिक सहायतामा नेट जडान र ल्यापट खरिद | १२०००० | एक लाख बीस हजार |
| ३ | पूर्ण सरसफाई कार्यक्रम | २००००० | दुई लाख |

| | | | |
|---|---|---|---|
| ४ | महिला स्वास्थ्य स्वयेम सेविका खाजा तथा प्रोत्साहत भता कार्यक्रम | १२०००० | एक लाख बीस हजार |
| ५ | माडी ५ भित्र फ्रेस हाउस अनुदान | १००००० | एक लाख |
| ६ | टोल विकास संस्थाको क्षमता विकास कार्यक्रम | १००००० | एक लाख |
| ७ | नारी दिवस कार्यक्रम | ५०००० | पचाँस हजार |
| ८ | गर्वपतन सम्बन्धी जनचेतना मुलक कार्यक्रम | १००००० | एक लाख |
| ९ | मेलमिलाप केन्द्र कार्यालय व्यवस्थापन | ५०००० | पचाँस हजार |
| १० | करेसाबारी बिउ बिजन खरिद | १००००० | एक लाख |
| ११ | माडी ५ भित्रका सास्कतिक समुह तथा कल्वलाई अनुदान | २००००० | दुई लाख |
| १२ | सामुदायिक स्वास्थ्यका लागि नेट जडान र ल्यापटप खरिद | १००००० | एक लाख |
| १३ | उत्कृष्ट शिक्षक विद्यार्थी सम्मान कार्यक्रम | १००००० | एक लाख |
| १४ | दिपज्योति बालविकास र ज्ञान ज्योति बालविकासको शैक्षिक सामाग्री व्यवस्थापन | १००००० | एक लाख |
| १५ | श्री बागेश्वरि मा.वि भावाङ विद्यालय पाछावाङ विद्यालय फर्निचर व्यवस्थापन | १००००० | एक लाख |
| १६ | वडा कार्यालय व्यवस्थापन | १००००० | एक लाख |
| १७ | कृषि औजार निर्माण तालिम | १००००० | एक लाख |
| | **जम्मा** | **१८१५०००** | अठार लाख पन्धँ हजार |
| | **विनियोजित जम्मा बजेट** | **५६०००००** | छपन्त्र लाख रुपैया मात्र । |

**६ नं. वडातर्फ**

| **पूर्वाधार विकास** | | | |
|---|---|---|---|
| **क्र.स** | **योजनाको नाम** | **विनियोजित रकम** | **कैफियत** |
| १ | ताराखोला खानेपानी मुहान मर्मत तथा घेरबार निर्माण | ३००००० | तीन लाख |
| २ | धाराखोला लागा खानेपानी योजना | २२५००० | दुई लाख पच्चीस हजार |
| ३ | दशघर खानेपानी एक घर एक धारा निर्माण योजना | १५०००० | एक लाख पचाँस हजार |
| ४ | धामीडेरा खानेपानी एक घर एक धारा निर्माण योजना | ३००००० | तीन लाख |
| ५ | नेत्र आधारभूत विद्यालय मेहलडाँडा पर्खाल निर्माण योजना | ५०००० | पचाँस हजार |
| ६ | भोतनाम काफलडाँडा मोटरबाटो निर्माण योजना | ५००००० | पाँच लाख |
| ७ | विविध | ६५०००० | छ लाख पचाँस हजार |



अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

| | | | |
|---|---|---|---|
| | **जम्मा** | २१७५००० | एक्काई लाख पचहत्तर हजार रुपैया मात्र । |
| **सामाजिक विकास तर्फ** | | | |
| १ | गरिब तथा विपन्न बालबालिकालाई शैक्षिक सहयोग कार्यक्रम | १००००० | एक लाख |
| २ | निशुल्क अनिवार्य परिक्षा संचालन कार्यक्रम | ७५००० | पचहत्तर हजार |
| ३ | किशोरा किशोरीहरुलाई लागू औषध चेतना मुलक कार्यक्रम | ५०००० | पचाँस हजार |
| ४ | महिला तथा किशोर किशोरीहरुका लागि बालविवाह न्यूनीकरण र सुरक्षित गर्वपतन सम्बन्धी अभिमुखिकरण | ५०००० | पचाँस हजार |
| ५ | गर्ववति जाँचको लागि उत्प्रेरक सामाग्री खरिद | ३०००० | तीस हजार |
| ६ | सुत्केरीका लागि आवश्यक सामाग्री खरिद | ३०००० | तीस हजार |
| ७ | गर्ववति सुत्केरी ज्येष्ठनागरिक सहिद परिवारका लागि जिल्ला भित्र निशुल्क एम्बुलेन्स सेवा | १५०००० | एक लाख पचाँस हजार |
| ८ | सुरक्षित नागरिक आवासको लागि फुसको छानो हटाउने कार्यक्रम | २५०००० | दुई लाख पचाँस हजार |
| ९ | विभिन्न आन्दोलनमा सहिद बेपत्ता घाईते परिवारलाई सम्मान कार्यक्रम | ४०००० | चालिस हजार |
| १० | पूर्ण सरसफाई युक्त वडाका लागि अनुभिमुखीकरण र अनुगमन कार्यक्रम | १००००० | एक लाख |
| ११ | निशुल्क अनिवार्य आधारभूत शिक्षाका लागि सिदकैलाश मा.वि माडी ६ का छात्रछात्रहरुका लागि आवासिय तथा भोजन खर्च व्यवस्थापन | ५५५००० | पाँच लाख पच्चपन्न हजार |
| १२ | महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई यातायात खर्च | ४५००० | पैतालिस हजार |
| | **जम्मा** | **१४७५०००** | चौध लाख पचहत्तर हजार |
| | **विनियोजित जम्मा बजेट** | **३६५००००** | छत्तीस लाख पचाँस हजार रुपैया मात्र । |
| | **वडा तर्फ विनियोजित जम्मा बजेट** | **२५७०००००** | **दुई करोड सन्ताउन्न लाख रुपैया मात्र ।** |

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष